बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ४३४

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

२०७९/०९/१९

विषयः तह वृद्दिका लागि आवश्यक कागजात सम्बन्धमा ।

श्री वन निर्देशनालय, बागमती प्रदेश, हेटौंडा ।

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, गोदावरी, ललितपुर ।

श्री डिभिजन वन कार्यालय, १५ वटै, बागमती प्रदेश ।

श्री भू तथा जलाधार व्यवस्थापन कार्यालय, ७ वटै, बागमती प्रदेश ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौडाको प.स. क/३/१/५/२०७९/०८० च.नं. १२३२ मिति २०७९/०९/१८ विषय तह वृद्दि बारे को प्राप्त पत्र एवम् प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३० बमोजिम तह वृद्धिका लागि देहायमा उल्लेखित कागजात तयार पारी प्रत्येक कर्मचारीको छुट्टा छुट्टै फाइलमा पठाउनु हुन अनुरोध छ ।

देहायः-

- तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अवधि पूरा भएको ।
- पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको ।
- तह वृद्धिको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।
- पाचौं तहबाट छैटौ तहमा :- सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण ।
- सातौ तहबाट आठौं तहमा :- सेवा समूहसंग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण ।
- नवौ तहबाट दशौं तहमा :- सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण ।
- शैक्षिक योग्यता सम्बद्धता निर्धारण गर्नु पर्ने भएमा सम्वद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ।
- पछिल्लो पाँचबर्षको का.स.मू. फारम कुन कुन कार्यालयमा दर्ता गरिएको हो सो कार्यालयको नाम र आ.व. खुलाई पठाउनुहुन।
- तह वृद्दिका लागि आवश्यक आ.व. का का.स.मू:-

आ.व. २०७४/०७५
आ.व. २०७५/०७६
आ.व. २०७६/०७७
आ.व. २०७७/०७८
आ.व. २०७८/०७९

फोन नं.: ०५७-५२५६१७, इमेलः mofe@bagamati.gov.np, वेबसाईटः www.mofe.bagamati.gov.np

पत्र संख्या :
चलानी नं. :

- सम्बन्धित कर्मचारीको शुरु नियुक्ति पत्र, बढुवा नियुक्ति पत्र, प्रदेश तहमा समायोजन पत्र, पदस्थापन पत्र, हालको कार्यालयमा पदस्थापन/ सरुवा पत्र र **PIS** प्रिन्ट ।
- बागमती प्रदेश भित्रका जिल्ला बाहेक, वन तथा वातावरण मन्त्रालय, वन विभाग, भू संरक्षण विभाग तथा अन्य प्रदेशका जिल्लामा का.स.मू. दर्ता गरिएको भए का.स.मू समेत पठाउनुहुन।
- सम्बन्धित कर्मचारीको तह वृद्दि सम्बन्धी निवेदन
- प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३३ को (क) (ख) (ग) (घ) र सोहि ऐनको दफा ३४ को उपदफा १ बमोजिमको अवधिभर तह वृद्धि रोक्का गरिनेछ ।
- तह वृद्दिका लागि निवेदन २०७९ साल पुस २५ गते भित्र आइपुने गरि पठाउनु हुन ।

यज्ञनाथ दाहाल
प्रदेश सचिव